## वस्तुगत प्रश्नोत्तर

**१. कोहलपुरमा निर्माण भएको गोरखापत्र संस्थानको प्रकाशन गृहको उद्घाटन कहिले गरिएको हो ?**



✍ वि.सं. २०७८ फागुन ७
- सो प्रकाशन गृहको उद्घाटन प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा काठमाडौँबाट भर्चुअल रूपमा गरिएको ।
- दुई वर्षअघि भाडाको पूर्वाधारबाट प्रकाशन सुरु भए पनि विविध कठिनाइका कारण प्रकाशनको काम अवरुद्ध बन्न पुगेको थियो ।

**२. भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको यान्त्रिक परीक्षण (क्यालिब्रेसन फ्लाइट) उडान कहिले सुरुवात गरियो ?**
✍ वि.सं. २०७८ फागुन ६
- करिब एक हप्ताको क्यालिब्रेसन फ्लाइटपश्चात् परीक्षण उडान गरिने ।
- वि.सं. २०७९ वैशाख १ गते विमानस्थल उद्घाटन गरिने ।

**३. नेपाल पन्छी संरक्षण सङ्घले नेपालमा पाइने चराको गणनाका लागि प्रयोगमा ल्याएको एप कुन हो ?**
✍ छिमेकी चरा
- सङ्घले छिमेकी चरा एपमार्फत नेपालमा पाइने चराको गणना गर्नुका साथै संरक्षणको पहल गर्ने भएको ।
- सो एपमार्फत चराको सङ्ख्या, जिल्लाअनुसार चराको जातिको विवरण प्राप्त हुने जनाइएको ।
- यो एप जो कोहीले पनि आफ्नो मोबाइलमा डाउनलोड गरेर प्रयोग गर्न सकिने । एप प्रयोग गर्ने व्यक्तिले आफ्नो घर वरपर, बगैँचा, वनजङ्गल वा कुनै स्थानमा चराको विवरण एपमार्फत सङ्घलाई सूचना दिन सक्ने । एपमा भएका चरामध्ये जुन चरा हो, सोही चराको फोटो क्लिक गर्नुपर्ने । चराको फोटोसँगै नम्बर पनि राखिएको । चरा चिन्न नसकेमा वा एपमा राखिएका एक सय चरामध्ये आफूले देखेको चरा छुट्याउन नसकेमा एपमा नै सहयोग माग्न सकिने ।
- विदेशमा यस्तो अभ्यास धेरै अघिदेखि हुँदै आएको ।
- सङ्घका अनुसार हाल (२०७८ फागुन)सम्म नेपालमा ८८८ प्रजातिका चरा पहिचान भएका ।

**४. रोलेक्स कन्जर्भेसन अवार्ड, २०२१ बाट सम्मानित हुने नेपाली को हुन् ?**
✍ रिन्जिन फुन्डोक लामा

**५. नेपाल धितोपत्र बोर्डको अध्यक्षमा कसलाई नियुक्त गरियो ?**
✍ रमेश हमाल
- (वि.सं. २०७८ फागुन ५ मा बसेको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको ।)

**६. दलित समुदायबाट पहिलो प्रमुख जिल्ला अधिकारी बन्ने राष्ट्रसेवक कर्मचारी को हुनुहुन्छ ?**
✍ उपसचिव सीता परियार
- गृह मन्त्रालयले उहाँलाई हुम्ला जिल्लाको सीडीओको जिम्मेवारी दिएको ।
- कास्कीको रूपा गाउँपालिका–६ की स्थायी बासिन्दा परियार २०६८ मा शाखा अधिकृतबाट निजामती सेवामा प्रवेश गर्नुभएको ।

**७. सार्जे हिमाललाई शान्ति पिक भनेर चिनिन्छ भने कञ्चनजङ्घा हिमाललाई के भनी चिनिन्छ ?**
✍ नेपाल पिक

**८. साहित्यकार तारानाथ शर्मा (ताना)को निधन कहिले भएको हो ?**
✍ वि.सं. २०७८ फागुन ३
- घोत्ल्याइँहरू (२०२१), भानुभक्तदेखि तेस्रो आयामसम्म (२०२७), सम र समका कृति (२०२९) उहाँका चर्चित समालोचना कृति हुन् । बेलायततिर बरालिँदा (२०२६) र पाताल प्रवास (२०४२) प्रसिद्ध नियात्रा हुन् । नमस्ते (२०४४), जीवनका छाल (२०३०), श्रद्धाका सुमन (२०४४) प्रसिद्ध निबन्ध सङ्ग्रह एवं सुली (२०३०), मेरो कथा (२०२३), झझल्को (२०२३), ओझेल पर्दा (२०३५) उनका औपन्यासिक कृति हुन् ।
- वि.सं. १९९१ असार ९ गते इलामको बरबोटेमा जन्मनुभएका शर्मा 'ताना शर्मा'को नामबाट परिचित हुनुहुन्थ्यो ।
- नेपाली भाषाको झर्रोवादी आन्दोलनका अभियन्ता ।
- शर्माले बेलायततिर बरालिँदा निबन्ध सङ्ग्रहका लागि २०२६ सालमा मदन पुरस्कार, २०२९ सालमा 'सम र समका कृति'का लागि साझा पुरस्कार पाउनुभएको थियो । २०२३ सालमा रत्नश्री स्वर्णपदक पाउनुभएका उहाँ २०३९ सालमा सर्वश्रेष्ठ पाठ्यपुस्तक लेखन पुरस्कारबाट पनि सम्मानित हुनुभएको थियो ।

**९. नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा देशकै ठूलो चार सय केभी सबस्टेशन कहाँ निर्माण गरिएको छ ?**
✍ धनुषा

**१०. हाउस अफ रिप्रिजेन्टेटिभमा दोस्रो पटक महाभियोग सामना गर्ने पहिलो अमेरिकी राष्ट्रपति को हुन् ?**
✍ डोनाल्ड ट्रम्प

**११. ल्यान्ड अफ क्रिकेट भनी कुन देशलाई चिनिन्छ ?**
✍ इङ्गल्यान्ड

**१२. महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनअनुसार बेरुजु फर्स्योटमा उत्कृष्ट बनेको विश्वविद्यालय कुन हो ?**
✍ लुम्बिनी बौद्ध विश्वविद्यालय (लगातार तेस्रो पटक उत्कृष्ट बनेको)
- बेरुजु फर्स्योट मूल्याङ्कन तथा अनुगमन समितिले बेरुजु फर्स्योटमा निर्धारण गरेका लक्ष्य पूरा गर्दै विश्वविद्यालय उत्कृष्ट बनेको ।
- सो विश्वविद्यालयको आ.व. २०७६/७७ को लेखापरीक्षणमा ०.४ प्रतिशत मात्रै बेरुजु देखिएको ।

**१३. ड्रोन निर्माण गरी उडाउने १५ वर्षीय विद्यार्थी को हुन् ?**
✍ किरण अधिकारी (लमजुङ)
- लमजुङस्थित यशोब्रह्म माध्यमिक विद्यालयको कक्षा १० मा अध्ययनरत अधिकारीले ड्रोन बनाई उडाएका ।
- सो ड्रोनले तीन कि.मि.को दूरी र उचाइमा पनि तीन कि.मि. उड्न सक्ने बनाएका ।
- डेढ केजीसम्मको तौल बोक्न सक्ने सो ड्रोनले औषधि बोक्ने, सभा समारोहमा फूलको वर्षा गराउने, राष्ट्रिय झन्डाको प्रदर्शन गर्नेजस्ता कार्य गर्न सक्ने गरी बनाइएको ।
- उनले कक्षा ९ मा पढ्दै गर्दा आफूले बनाएको रिमोट कन्ट्रोल गाडीमा चढेर एक किमिको यात्रा गरेका ।

**१४. आसियानका वर्तमान महासचिव को हुन् ?**
✍ लिम जाक होइ (ब्रुनाई)

**१५. नेपालकै पहिलो स्काइ क्याफे कहाँ सञ्चालनमा ल्याइएको छ ?**
✍ पर्वत (वि.सं. २०७८ माघ)
- कालीगण्डकीको सतहबाट २२८ मिटरको उचाइमा रहेको बन्जीबराबरकै उचाइमा सो क्याफे सञ्चालन गरिएको ।
- स्काइ साइक्लिङका लागि राखिने तारजस्तै गरेर कालीगण्डकी नदी किनारमा रहेको अग्लो भीरमा तार टाँगेर बेन्च टेबलसहितको क्याफेलाई घिर्नीको माध्यमबाट सोही तारमा झुन्ड्याइएको । घिर्नीको माध्यमबाट डरलाग्दो भीरमाथि तारमा क्याफे बिस्तारै हिँडिरहेको हुन्छ । त्यहाँ बसिरहेका ग्राहकले यात्रा सुरु गर्दा अर्डर गरेको खानेकुरा खाँदै खुला आकाशमा यात्रा गर्न सक्ने ।
- झन्डै ९५ लाख रुपियाँको लगानीमा बनेको उक्त क्याफेमा प्रतिव्यक्ति २५ सय शुल्क राखिएको ।

**१६. यस वर्ष (सन् २०२२) को ओस्कार अवार्डका लागि विभिन्न विधामा मनोनयनमा परेका उत्कृष्ट चलचित्र कुन कुन हुन् ?**
✍ बेल फास्ट, कोडा, डन्ट लुक अप, ड्राइभ माइ कार, ड्युन, किङ्ग रिचर्ड, लिकोराइस पिज्जा, नाइटमेयर एली, द पावर अफ डग, वेस्ट साइड स्टोरी
- मनोनयन सूचीमा नेटफ्लिक्सको द पावर अफ द डग सर्वाधिक १२ विधामा मनोनयन भएको ।
- त्यस्तै फिल्म ड्युन उत्कृष्ट चलचित्र र निर्देशकसहित १० विधामा मनोनयन भएको । फिल्म बेल फास्ट र साइड स्टोरीले उत्कृष्ट चलचित्रसहित सात विधामा मनोनयन सुरक्षित गरेका ।

**१७. अपराधीलाई आर्थिक दण्ड दिने चलन कसले चलाएका थिए ?**
✍ जयस्थिति मल्ल

**१८. मध्यकालमा सुदूरपश्चिममा बाइसे राज्य थिए भने मध्य क्षेत्रमा कस्ता राज्य थिए ?**
✍ चौबिसे राज्य

**१९. पूर्वको गोसाइँकुण्ड भनेर चिनिने प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल कुन हो ?**
✍ तिम्बुपोखरी
- पाँचथरको याङवरक गाउँपालिका–२ र ताप्लेजुङको सिदिम्बा गाउँपालिका–१ को सीमामा अवस्थित तिम्बुपोखरी पर्यटकीय र धार्मिक दृष्टिले महत्त्वपूर्ण गन्तव्यका रूपमा चिनिएको ।
- समुद्री सतहबाट ४४८० मिटरको उचाइमा रहेको तिम्बुपोखरी नेपालको नक्सा आकारमा फैलिएको ।
- तिम्बुपोखरी आसपासमा हाडीपोखरी, रामलक्ष्मण, लक्ष्मी पोखरी, मयुरपोखरी, दुधपोखरी लगायतका पोखरी रहेका ।
- कञ्चनजङ्घासहित अन्य हिमशृङ्खला दृश्यावलोकनका साथै यात्राका क्रममा हिमाली जनजीवनसँग प्रत्यक्ष साक्षात्कार गर्न सकिनेलगायतका आकर्षण यस क्षेत्रमा रहेको ।

**२०. व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिको अध्यक्ष को हुने व्यवस्था छ ?**
✍ वाणिज्यमन्त्री वा राज्यमन्त्री

**२१. संयुक्त राष्ट्रसङ्घमा उपमहासचिवको व्यवस्था कहिलेदेखि गरिएको हो ?**
✍ सन् १९९८
- संयुक्त राष्ट्रसङ्घको पहिलो उपमहासचिव क्यानडाका लुइस फ्रेसेट (सन् १९९८–२००६) हुन् ।
- हाल संयुक्त राष्ट्रसङ्घको उपमहासचिवमा नाइजेरियाका अमिना जे. मोहम्मद रहेका ।

**२२. स्वरसाम्राज्ञी लता मङ्गेशकरको निधन कहिले भएको हो ?**
✍ सन् २०२२ फेब्रुअरी ६

**२३. चर्चित गायक तथा सङ्गीतकार बप्पी लहरीको निधन कहिले भएको हो ?**
✍ सन् २०२२ फेब्रुअरी १५
- सन् १९५२ मा पश्चिम बङ्गालमा जन्मिएका बप्पीको मातापिता दुवै बङ्गाली गायक गायिका तथा सङ्गीतकार थिए । किशोर अवस्थामा नै सङ्गीत क्षेत्रको बाटो तय गरेका उनले सन् १९७२ मा बङ्गाली फिल्म दादुमार्फत फिल्मी गीतमा सङ्गीत भर्न थालेका थिए भने सन् १९७३ मा आएको फिल्म नन्हा शिकारीमार्फत हिन्दी फिल्मका गीतमा समेत सङ्गीत भर्न सुरु गरेका थिए ।
- फिल्म डिस्को डान्सरको आई एम ए डिस्को डान्सर बोलको गीतले उनलाई थप चर्चित बनाएको ।
- करिब नौ हजार गीतका लागि सङ्गीत सिर्जना गरेका उनका याद आ रहा हे तेरा प्यार, तमा तमा लोगे, दिवाना दिवाना कर, आना आना, चलते चलतेलगायतका गीत निकै चर्चित रहेका ।

**२४. चीनले लङ मार्च टु एफ नामक रकेटमार्फत तीन अन्तरिक्ष यात्रीलाई कहिले आफ्नो नयाँ स्पेस स्टेसनमा पठाएको हो ?**
✍ सन् २०२१ जुन १७

**२५. भूमिसम्बन्धी ऐन, २०२१ अनुसार 'विभाग' भन्नाले के बुझिन्छ ?**
✍ भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**२६. हाल (२०७८ फागुन) सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहमा गरी कति कर्मचारीको दरबन्दी रिक्त रहेको छ ?**
✍ ४९ हजार
- विभिन्न पदमा गरी कुल एक लाख ३६ हजार निजामती कर्मचारीको दरबन्दी रहेकोमा अहिले ८७ हजार कर्मचारीको मात्र दरबन्दी पूरा भएको राष्ट्रिय किताबखाना (निजामती)ले जनाएको ।
- ठूलो सङ्ख्यामा कर्मचारीको दरबन्दी रिक्त हुँदा विकास निर्माण र सेवा प्रवाहको कार्यमा असर पुग्न गएको ।

**२७. तरुनी छोरीका लेखक शङ्कर कोइराला हुन् भने तरुनी खेतीका लेखक को हुन् ?**
✍ सरुभक्त

**२८. केन्द्रीय तथ्याङ्क विभागको स्थापना कहिले भएको हो ?**
✍ वि.सं. २०१४

**२९. मुलुककै जेठो 'राष्ट्रिय सङ्ग्रहालय' कहाँ रहेको छ ?**
✍ छाउनी, काठमाडौँ
- (१८ हजारभन्दा बढी महत्त्वपूर्ण एवं विश्वकै दुर्लभ कला तथा वस्तुको सङ्ग्रह रहेको यो सङ्ग्रहालय वि.सं. १९९५ फागुन १ देखि शुल्क लिएर सर्वसाधारणका लागि खुला गरिएको ।)

**३०. ग्लोबल इन्नोभेसन इन्डेक्स–२०२१ मा नेपाल कति औँ स्थानमा रहेको छ ?**
✍ १११औँ

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# प्रदेश सरकारका दायित्व




**नेपालको संविधान जारी भएपछि प्रदेश सरकार नयाँ संरचनाका रूपमा अस्तित्वमा आएको छ । प्रदेशलाई आफ्नो प्रशासनिक संरचना आफैँ बनाउन सक्ने स्वायत्तता छ । प्रदेश सरकार संवैधानिक कार्य जिम्मेवारी अनुकूल हुने सङ्गठन संरचना, कर्मचारी व्यवस्थापन, योजना तथा कार्यक्रम निर्माण, कार्यविधि र कानुन निर्माण, अनुगमन तथा स्थानीय तहबीचको समन्वय तथा सङ्घ र स्थानीय तहबीच पुल बन्ने गरी अगाडि बढ्न सके मात्र प्रदेश सरकारको औचित्य पुष्टि हुन्छ । प्रदेश सरकारको प्रभावकारिताले सङ्घीय प्रणालीको सफलतामा योगदान पुग्ने हुन्छ । यस परिप्रेक्ष्यमा प्रदेश सरकारले प्राथमिकताका साथ चाल्नुपर्ने कदमबारे देहायका कुरालाई विचार गरी कार्यान्वयनयोग्य सुझावसहितको प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।**

✍ (२०७८ फागुन ६ मा उपसचिवका लागि सोधिएको प्रश्न)
- क. प्रदेश सरकारले संविधानतः खेल्न सक्ने उत्तम भूमिका र सम्पादन गर्न सक्ने मुख्य–मुख्य कामहरू,
- ख. उपयुक्त काम गर्नका लागि चाहिने न्यूनतम प्रशासनिक सङ्गठनात्मक स्वरूप, जनशक्ति व्यवस्थापन, त्यसको परिचालन, नियन्त्रण र अनुगमन प्रणाली,
- ग. अन्तर स्थानीय तह समन्वय र केन्द्र तथा स्थानीय तहबीचको पुलको भूमिका निर्माण गर्न आवश्यक संरचनागत तथा कानुनी व्यवस्था,
- घ. विकास निर्माणका कामलाई जनताले अनुभूत गर्ने गरी तलसम्म लैजान चाहिने प्रशासनिक, प्राविधिक, कानुनी तथा प्रक्रियागत व्यवस्था,
- ङ. आफूले सम्पादन गरेका कामको पृष्ठपोषण, अनुगमन, मूल्याङ्कनसम्बन्धी कार्य प्रणाली र नतिजाप्रतिको उत्तरदायित्व ।

- **प्रदेश सरकारले चाल्नुपर्ने कदमबारे सुझावसहितको प्रतिवेदन**
- नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सङ्घीय प्रणालीको व्यवस्था गरेको छ । यी सरकारबीच समन्वय, सहकारिता र सहअस्तित्वका आधारमा सम्बन्ध रहने संवैधानिक व्यवस्था छ । संविधानको यस व्यवस्थाबमोजिम प्रदेश सरकार सङ्घ र स्थानीय तहको बीचमा रहेर आफूलाई प्राप्त एकल अधिकार, सङ्घ र प्रदेशको साझा अधिकार र सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकारको प्रयोगमार्फत आफ्नो क्षेत्रमा आर्थिक सामाजिक विकास निर्माणको जिम्मेवारी पूरा गर्दै सङ्घ र स्थानीय तहबीचमा रहेर पुलको भूमिका निर्वाह गर्नुपर्ने अवस्था पनि छ । यस अर्थमा प्रदेश सरकारले प्राथमिकताका साथ चाल्नुपर्ने कदरबारे कार्यान्वयनयोग्य सुझावसहितको प्रतिवेदनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- **क. प्रदेश सरकारले संविधानतः खेल्न सक्ने उत्तम भूमिका**
- नेपालको संविधानले दिएको प्रदेशको एकल अधिकारको प्रयोग गरी प्रदेशभित्र शान्ति सुरक्षा, विकास, सुशासन कायम गर्ने,
- नेपालको संविधान, सङ्घीय सरकारको कानुन, नीति, योजना, लक्ष्यबमोजिम हुने गरी प्रदेशमा आर्थिक सामाजिक विकासको योजना, नीति, लक्ष्य निर्धारण गरी कार्य गर्ने,
- संविधान, कानुनबमोजिम बजेट निर्माण गरी विकास निर्माणलाई प्रभावकारी बनाउने,
- सङ्घ र स्थानीय तहको पुलका रूपमा आफूलाई विकास गरी नेपालको संविधान, सङ्घीय प्रणाली कार्यान्वयनमा सहयोग गर्ने ।

- **सम्पादन गर्न सक्ने मुख्य–मुख्य काम**
- एकल अधिकारका विषयमा कानुन निर्माण गर्ने,
- सङ्घ र प्रदेशको साझा अधिकारको विषयमा संविधान र सङ्घीय कानुन अनुकूल हुने गरी कानुन निर्माण गर्ने,
- तीन तहको साझा अधिकारको विषय संविधान र सङ्घीय कानुन अनुकूल हुने गरी कानुन निर्माण गर्ने,
- प्रदेशभित्रका साधन स्रोतको आकलन गरी संविधानभित्र रहेर नीति बनाउने, कार्यान्वयन गर्ने,
- आफूलाई प्राप्त राजस्व अधिकारको प्रयोग गरी राजस्वको दायरा विस्तार गर्ने, स्रोत साधन जुटाउने,
- प्रदेश र स्थानीय तहको साझा राजस्वको विषयमा आवश्यक कानुन तथा मापदण्ड बनाई स्थानीय तहबाट राजस्व परिचालन अभिवृद्धि गर्ने,
- प्रदेश र स्थानीय तहमा देखिने विवादको समाधान गर्ने,
- स्थानीय तहको क्षमता विकासमा सहयोग गर्ने,
- स्थानीय योजना, कानुन, नीति निर्माणमा स्थानीय तहलाई आवश्यक सहयोग गर्ने ।

- **ख. उपयुक्त काम गर्नका लागि चाहिने न्यूनतम प्रशासनिक सङ्गठनात्मक स्वरूप**
- प्रदेश मन्त्रालयको सङ्ख्या सानो आकारको बनाउने, पाँचदेखि सातसम्म हुने गरी प्रदेश मन्त्रालयको स्थापना गर्ने,
- प्रत्येक मन्त्रालयअन्तर्गत रहने कार्यालयको सानो संरचना तयार गर्ने,
- प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने दक्ष कर्मचारी नियुक्तिको सिफारिस गर्न सङ्घीय कानुनले तोकेको मापदण्डभित्र रही प्रदेश लोकसेवा आयोगको गठन गर्ने ।

- **जनशक्ति व्यवस्थापन**
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सङ्घसँग समन्वय गरी प्रत्येक मन्त्रालयमा आवश्यक पर्ने सचिव माग गरी सचिवहरूको पदस्थापन गर्ने,
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सङ्घबाट समायोजन भएर आएका कर्मचारीलाई सेवा समूह, शैक्षिक योग्यता, कर्मचारीको रुचि एवं मागबमोजिम प्रदेश मन्त्रालय र मातहतका कार्यालयमा पदस्थापन गर्ने,
- यसबाट नपुग हुने अरू कर्मचारीको सम्बन्धमा प्रदेश लोकसेवा आयोगसँग समन्वय गरी जनशक्ति आपूर्ति गर्ने ।

- **परिचालन, नियन्त्रण र अनुगमन प्रणाली**
- प्रदेश मन्त्रालयका सचिवको प्रदेशभित्र पदस्थापन र सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने,
- प्रदेश मन्त्रालयले आफू मातहतका निकायमा कर्मचारीको पदस्थापन तथा सरुवा गर्ने,
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश मन्त्रालयको कार्यसम्पादनको नियन्त्रण र अनुगमन गर्ने,
- प्रदेश मन्त्रालयले आफ्नो र मातहतका निकायको कामको अनुगमन गर्ने,
- अनुगमन र मूल्याङ्कनका लागि आवश्यक मापदण्ड मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गर्ने ।

- **ग. अन्तर स्थानीय तह समन्वय र केन्द्र तथा स्थानीय तहबीचको पुलको भूमिका निर्माण गर्न आवश्यक संरचनागत व्यवस्था**
- प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने अन्तरप्रदेश परिषद्को बैठकमा आफ्नो प्रदेशका समस्या स्पष्ट राखी देखिएका विवादको अन्त्य गर्ने,
- प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने राष्ट्रिय समन्वय परिषद्को बैठकमा तीन तहबीचमा असल सम्बन्ध विस्तार गरी सहकारिता, समन्वय र सहअस्तित्वलाई थप बलियो बनाउँदै जाने,
- प्रदेशको मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने प्रदेश समन्वय समितिको सुदृढीकरण गरी यसको बैठक नियमित गरेर प्रदेश र स्थानीय तहबीच असल समन्वय स्थापना गर्ने,
- जिल्ला समन्वय समितिको सुदृढीकरण गरी जिल्लाभित्र कार्यरत तीन तहका कार्यालयबीच समन्वय, सहजीकरण एवं अनुगमनलाई प्रभावकारी बनाउने,
- पालिकाहरूमा सार्वजनिक लेखा समिति गठन गरी पालिकाहरूको आय र व्ययको जाँचपडताल गर्ने, वित्तीय जवाफदेहिता र पारदर्शिताको पक्षलाई बलियो बनाउने ।

- **कानुनी व्यवस्था**
- प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध ऐन तर्जुमा गर्ने,
- स्थानीय तहका पदाधिकारीहरूको सुविधा सम्बन्धमा एकरूपता हुने गरी कानुन निर्माण गर्ने ।

- **घ. विकास निर्माणका कामलाई जनताले अनुभूत गर्ने गरी तलसम्म लैजान चाहिने प्रशासनिक व्यवस्था**
- प्रदेश मन्त्रालयअन्तर्गत सानो आकारमा प्रदेश स्तरीय कार्यालय स्थापना गर्ने,
- कृषि, शिक्षा, वन, स्वास्थ्य, खानेपानी, सिँचाइ, सडकलगायत आधारभूत सेवा एवं विकास निर्माणका सेवा प्रभावकारी बनाउन मिल्दोजुल्दो सेवालाई एकद्वार प्रणालीबाट प्रवाह हुने गरी प्रशासनिक व्यवस्था मिलाउने,
- सङ्घबाट हस्तान्तरण भएका क्षेत्रगत कार्यालयको पुनर्संरचना गरी जिल्लास्तरमा मिल्ने जति सेवालाई एउटै छानामुनिबाट उपलब्ध गराउने,
- सङ्घीय सरकारको राष्ट्रिय योजना, नीति एवं लक्ष्यबमोजिम हुने गरी प्रदेशभित्र कार्यान्वयन गर्न सकिने योजना तर्जुमा गर्न प्रदेश योजना आयोगको गठन गर्ने ।

- **प्राविधिक व्यवस्था**
- प्रदेश र जिल्लास्तरमा आवश्यक पर्ने प्राविधिक जनशक्ति आकलन गरी क्षमता विकास गर्ने, यसका लागि प्रदेश योजना आयोगले आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्ने,
- प्रदेशभित्र कृषि, स्वास्थ्य, वन, सडक, सिँचाइलगायतका कार्यमा आवश्यक पर्ने प्राविधिक जनशक्ति प्रदेश लोकसेवा आयोगबाट नयाँ विज्ञापनमार्फत आपूर्तिको व्यवस्था मिलाउने ।

- **कानुनी व्यवस्था**
- प्रदेश निजामती सेवा ऐन तर्जुमा गर्ने,
- प्रदेश लोकसेवा आयोग ऐन तर्जुमा गर्ने,
- प्रदेश योजना आयोगको गठनका लागि ऐन तर्जुमा गर्ने,
- कृषि, शिक्षा, वन, स्वास्थ्य, खानेपानी, सिँचाइ, सडकलगायतका क्षेत्रगत विषयमा आवश्यक पर्ने कानुन निर्माण गर्ने ।

- **प्रक्रियागत व्यवस्था**
- कार्यालयबाट हुने सेवा प्रवाहमा सरलता र पारदर्शिता हुने गरी कार्यविधि तयार गरी लागू गर्ने,
- प्रक्रियागत पक्ष छोटो, सरल हुने गरी सेवा प्रवाहमा आवश्यक पर्ने कागजात, जिम्मेवार पदाधिकारी, लाग्ने समय, लागतसमेत स्पष्ट गरी क्षतिपूर्तिसहितको नागरिक बडापत्र अनिवार्य गर्ने,
- प्रदेश कार्यालयबाट सेवा प्रवाह र सूचना प्रवाह स्वतःस्फूर्त रूपमा हुने गरी कार्यालयमा संरचना र प्रणालीको स्थापना गर्ने,
- प्रत्येक कार्यालयमा सुशासन, सदाचार र असल संस्कार संस्थागत हुने संरचना निर्माण गर्ने,
- नागरिकका गुनासोहरू तत्कालै सम्बोधन हुने संयन्त्र निर्माण गर्ने,
- आधुनिक सूचना प्रविधिको उच्चतम प्रयोग गरी कार्यालयलाई आधुनिक बनाएर अनलाइन सेवा प्रवाह गर्ने, घुम्ती सेवालाई आवश्यकताबमोजिम सञ्चालन गर्ने ।

- **ङ. आफूले सम्पादन गरेका कामको पृष्ठपोषण, अनुगमन, मूल्याङ्कनसम्बन्धी कार्यप्रणाली र नतिजाप्रतिको उत्तरदायित्व**
- प्रत्येक कर्मचारीलाई कामप्रति जिम्मेवार र जवाफदेही हुने पद्धति निर्माण गर्ने,
- कर्मचारीलाई काम गर्न स्वतन्त्रता दिने, प्रत्येक कर्मचारीले गरेको कामको निष्पक्ष मूल्याङ्कन गर्ने, कामको प्रगति एवं नतिजाको आधारमा उसलाई पुरस्कार र दण्ड दिने प्रणाली स्थापना गर्ने,
- कर्मचारीलाई राम्रो कामको आधारमा उपयुक्त नयाँ जिम्मेवारी दिने, शैक्षिक योग्यता, अनुभव, क्षमता, दक्षताको आधारमा पदस्थापन गर्ने,
- प्रदेशका प्रत्येक कार्यालयले मासिक, चौमासिक र वार्षिक रूपमा आफूले गरेको कामको नतिजासहितको प्रगति विवरण सम्बन्धित मन्त्रालयमा पेस गर्ने र मन्त्रालयले त्यसको प्रतिवेदन प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने,
- प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेशका प्रत्येक मन्त्रालयको कामको अनुगमन र मूल्याङ्कन गर्ने, यसको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश सभामा पेस गर्ने, प्रदेश सभाबाट प्राप्त निर्देशन, पृष्ठपोषणबमोजिम सुधार गर्दै जाने ।
- उपरोक्त प्रतिवेदनको कार्यान्वयनबाट प्रदेशमा विकास निर्माण कार्य प्रभावकारी हुने, प्रदेश र स्थानीय तहबीचमा देखिएका विवादहरू समाधान हुने, सङ्घीय संरचनासँग प्रदेशको असल सम्बन्ध विकास हुने देखिन्छ । यसबाट प्रदेश सरकार सङ्घ र स्थानीय तहको सम्बन्ध सेतुका रूपमा विकास भई नेपालको सङ्घीय प्रणाली बलियो हुने तथा नेपालको संविधानको पूर्ण र सफल कार्यान्वयन हुने अपेक्षा गर्न सकिन्छ ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**